# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

अनाला पूर्णिमा



अतिरिक्ताङ्क अङ्क

प्रज्ञा प्रदिप

DHARMAKIRTI

वर्ष- १७ अङ्क- २ वार्षिक रु. ५०/- मूल्य रु. ५/-

Downloaded from http://www.dhamma.digital

# ❁ हार्दिक श्रद्धाञ्जलि ❁

अनिच्चावत संखारा, उप्पाद वय धम्मिनो ।
उप्पाज्जित्वा निरुज्झन्ति, तेसं ऊपसमो सुखो ॥



## दिवंगत कनक मान शाक्य

*जन्म दिन :* वि.सं. १९८७ भाद्र ३१
*स्वर्गारोहण :* वि.सं. २०५५ जेष्ठ ९

श्रद्धालु बौद्ध उपासक, कर्मठ समाज सेवी एवं वरिष्ठ राजनीतिज्ञ **श्री कनक मान शाक्य**ज्यू स्वर्गारोहण हुनु भएको एक वर्षको पुणित तिथिमा उहाँको शान्ति र निर्वाण कामना सहित हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।

**धर्मकीर्ति धर्म पासापिं पुचः**
धर्मकीर्ति विहार

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४३
नेपालसम्वत् १११९
इस्वीसम्वत् १९९९
बिक्रमसम्वत् २०५६

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

May, 1999

| | | | |
|---|---|---|---|
| वर्ष- १७ | अङ्क- २ | अनालापुन्ही | पुर्णिमा २०५६ |




★ आफूलाई आफैले उठाउ, आफैले परीक्षा गर । यस प्रकार तिमी आफै रक्षा गर्दै विचारशील भएर सुखपूर्वक यो संसारमा विचरण गर ।

★ ★ ★

★ मनुष्य आफै आफ्नो मालिक हो, आफै आफ्नो गति हो । यसकारण तिमी आफुलाई संयममा राख, जसरी बनियाले आफ्नो घोडालाई काबुमा राख्दछ ।

★ ★ ★

★ धर्मपूर्वक माता-पितालाई पालन-पोषण गरोस्, धर्मपूर्वक व्यवहार व व्यापार गरोस् । गृहस्थहरूले यस प्रकार आलस्य र प्रमादलाई छाडेर आफ्नो धर्म पालन गर्नुपर्दछ ।

Downloaded from http://www.dhamma.digital

## श्रीलंकामा बुद्धधर्म प्रचार

२०५५ फागुण २२ गते । यसदिन कुशुम गुरुमांबाट "श्रीलंकामा बुद्ध धर्म कसरी र किन पुग्यो" भन्ने विषयमा प्रवचन गर्नु भएको थियो । प्रवचनको क्रममा उहाँले भन्नुभयो -"बुद्ध परिनिर्वाण हुनुभएको २३६ वर्ष पछि मात्र श्रीलंकामा बुद्ध धर्म प्रचार भएको थियो । राजा विन्दुसारको छोरा अशोकले राज्य सत्ता हात पार्नका लागि आफ्ना ९९ जवान भाईहरू मारी राजा भएका थिए । त्यति मात्र होइन । छिमेकी राज्यहरूमा पनि लडाईं गरी थुप्रै मानिसहरूको रगत बगाएका थिए । यस्तो दुष्ट कार्यले उनलाई मानसिक शान्ति गुमाइदियो । एकदिन आफ्नै भाईको छोरो निग्रोध श्रामणेरको तर्फबाट धर्मदेशना सुनी मानसिक शान्ति प्राप्त गरेका थिए । यतिले पनि नपुगेर उसले आफु बुद्ध धर्मको अंशियार बन्नका लागि भिक्षु मोगलिपुत्त तिस्सको सल्लाह लिई छोरा महेन्द्र र छोरी संघमित्रालाई भिक्षु र भिक्षुणी बनाए । बुद्ध परिनिर्वाण भएको २०० वर्ष पछि बुद्ध धर्ममा थुप्रै शिद्धान्तहरू मिसिए । बुद्ध धर्मलाई शुद्ध रुप दिनका लागि सम्राट अशोकले नियम विपरित कार्य गर्ने थुप्रै भिक्षुहरूलाई चीवर छोड्न लगाए । भिक्षुहरूको समूह बनाई ठाउँ ठाउँमा धर्म प्रचार गर्न पठाए । भिक्षु महेन्द्र र भिक्षुणी संघमित्रालाई पनि श्रीलंकामा बुद्ध धर्म प्रचारार्थ पठाए ।

श्रीलंकामा भिक्षु महेन्द्रको धर्मदेशनाबाट राजा तिस्स र प्रजाहरू प्रभावित भई १५ दिन भित्र थुप्रै मानिसहरू भिक्षु भए । धर्म प्रचारार्थ गएका पाँच जवान भिक्षुहरूको समूहमा संघमित्राका छोरा महासुअरीथ पनि हुनुहुन्थ्यो । उहाँलाई नै बुद्धको अस्थिधातु लिन पठाइएको थियो । भिक्षुणी संघमित्राले श्रीलंकामा बोधिबृक्षको विरुवा लगेका थिए । श्रीलंकामा भिक्षुणी संघमित्राको तर्फबाट महारानी अनुलादेवी सहित थुप्रै महिलाहरू भिक्षुणी भएका थिए ।

श्रीलंकामा बुद्ध धर्मप्रचार गरिसकेपछि यसधर्मले राम्ररी जरा लेओस् भन्ने मनसाय लिई भिक्षु महेन्द्रले विनय पिटक, सुत्त पिटक (र अभिधम्म पिटक?) बारे धर्मदेशना गर्नुभयो । उहाँले पाली भाषा र श्रीलंका भाषाबाट पनि धर्मदेशना गर्नु भएको थियो ।

यसरी धर्म प्रचार गरी भिक्षु महेन्द्र र भिक्षुणी संघमित्रा आफ्नो देशमा फर्केको कुरा इतिहासले बताइएको छैन । हुनसक्छ उहाँहरू श्रीलंकामा नै परिनिर्वाण हुनुभयो ।

## प्रतिपत्ति पूजा (सेवा गर्ने पूजा)

२०५५ फागुण २९ गते । यस दिन वीर्यवती गुरुमांले प्रतिपत्ति पूजा (निस्वार्थसेवा पूजा) विषयमा बोल्नु हुँदै भन्नुभयो- बुद्ध शिक्षा अनुसार हामीले आफ्नो जीवन सुखमय बनाई मानसिक शान्ति प्राप्त गर्नका लागि प्रतिपत्ति पूजा (आध्यात्मिक सुखका लागि गरिने सेवा) को आवश्यक हुन्छ ।

किनभने हामी आमिष पूजा (भौतिक सुखको मात्र चाहना राखी गरिने भक्ति) मा मात्र सीमित भयौं भने यसले हामीलाई भव चक्रमा बाँध्ने कार्य गर्न थाल्छ । भगवानको भौतिक शरीर र उहाँको मूर्तिलाई भक्तिभाव गरी समय समयमा उहाँको रुप दर्शन गर्ने इच्छा राखी गरिने भौतिक पूजाले हामीलाई अन्ध श्रद्धातिर लान सक्छ । यस्तो भक्तिलाई प्रज्ञा रहित श्रद्धा पनि भन्न सकिन्छ । यसले आफूलाई शुद्धगर्ने शिक्षा सिकाउँदैन ।

तर प्रतिपत्ति पूजाले भगवानको रुपलाई दर्शन गर्ने होइन उहाँको निस्वार्थ अमूल्य गुणहरूले भरेको चित्त र आफ्नो राग द्वेषले दुषित स्वार्थी चित्तलाई तुलना गर्न सिकाउँछ । जसले यस्तो कार्य गर्न सक्छ, उसले आफ्नो चित्तमा रहेका रागद्वेष रुपी दुषित फोहरहरूलाई फाली भगवानका निर्मल र अमूल्य गुणहरू आफुमा पनि समावेश गरी त्यसलाई अभ्यास गर्न थाल्छ । फलस्वरुप उसले ती गुणहरूले आफ्नो चित्तलाई पखाली चित्त निर्मल पार्न सक्षमभई आफुलाई मुक्ति मार्गतिर लान सक्नेछ ।

उदाहरणको लागि बुद्धको जीवनकालमा वक्कली नाम गरेको एक भिक्षुले पनि बुद्धको रुपलाई मात्र हेरेर जीवन बिताउँदा उसलाई बुद्धले मूर्खको संज्ञा दिई धिक्कार्नु भएको थियो । त्यसपछि उनले बुद्धको रुपलाई



Downloaded from http://www.dhamma.digital

होइन उहाँको गुण र शिक्षालाई आफ्नो जीवनमा प्रयोग गर्न थालेपछि मात्र उनले मुक्ति प्राप्त गरेका थिए ।

संक्षिप्तमा भन्ने भने आचरण राम्रो पार्नु र कर्तव्य पालन गर्नु नै प्रतिपत्ति पूजा हो ।

## बुद्ध धर्ममा धर्मको परिभाषा

२०५५ चैत्र २७ गते । यसदिन पूज्य भिक्षु ज्ञानपुर्णिकद्वारा "बुद्ध धर्ममा धर्मको परिभाषा विषयमा प्रवचन गर्नुभएको थियो । उहाँले भन्नुभयो- "धर्म" एक प्रचलित शब्द हो । तर साधारण तया मानिसहरूले धर्म भन्ने वित्तिकै देवताको भक्तिभावमा लाग्नु भन्ने बुझ्छन् । बुद्ध धर्म अनुसार धर्मलाई ४ वटा अर्थमा देखाइएको छ । १) परियत्ति २) हेतु ३) गुणात्मक ४) निसत्त्व अथवा निर्जिव

नव लोकुत्तर धर्म र परियत्ति समेत गरी जम्मा १० प्रकारका धर्मलाई यसरी देखाइएको छ ।

१) स्रोतापत्ति मार्ग २) सकृदागामी मार्ग ३) अनागामी मार्ग ४) अरहन्त मार्ग ५) स्रोतापत्ति फल ६) सकृदागामी फल ७) अनागामी फल ८) अरहन्त फल ९) निर्वाण र १०) परियत्ति ।

मार्गधर्म प्राप्त गर्नका लागि हामीले शील, समाधि र प्रज्ञालाई अभ्यास गर्दै लाग्नु पर्छ । अनि मात्र हामीसंग भएका क्लेश र मानसिक विकारहरू निर्मुल पार्न सकिन्छ । शील शिक्षाले अतिक्रमण क्लेश हटाउने छ । समाधि शिक्षाले परियुत्थान क्लेश हटाउने छ र प्रज्ञा शिक्षाले अनुशय क्लेश हटाउनेछ । धर्मको काम नै क्लेशहरू नष्ट गर्नु हो । धनी गरीब सबै व्यक्तिहरूलाई ब्याधी जरा मरणले लखेटिरहेको हुन्छ । तर त्यही दु:खलाई धेरै जसोले सुख सम्झिरहेका हुन्छन् । जब हामीमा साँचो सुख र दुखलाई ठीक तरिकाले चिन्ने शक्ति सम्यक दृष्टि उत्पन्न हुन्छ, त्यसबेला मात्र हामी अपाय दु:खबाट मुक्त हुनेछौं । यसपछि हामीले कोशिस गर्दै गयौं भने सकृदागामी, अनागामी, र अरहन्त मार्गबाट नाघी ४ वटा फल स्रोतापन्न फल सकृदागामी फल, अनागामी फल र अरहन्त फल प्राप्त गरी (निर्वाण) मुक्ति अवस्था प्राप्त गर्न सक्नेछौं ।"

यसदिन कृष्ण देवी मानन्धरबाट अध्ययन गोष्ठीको सहयोगार्थ रू. १०,०००/- गोष्ठीका अध्यक्ष धम्मवती गुरुमांलाई प्रदान गर्नु भएको थियो ।

यसदिन अगम्य रत्न कंसाकारको सभापतित्वमा ज्ञानेन्द्र महर्जनले कक्षा संचालन गर्नुभएको थियो ।

## रक्तदान कार्यक्रम

**२०५६ बैशाख ११ गते । स्थान धर्मकीर्ति विहार ।** २५४३ औं बैशाख पूर्णिमा तथा धर्मकीर्ति विहारको ३४ औं वार्षिकोत्सवको उपलक्षमा पुरुष तथा महिला गरी जम्मा २८ जवान रक्तदाताहरूले रक्तदान गर्नु भएको छ ।

स्मरणिय छ, धर्मकीर्ति विहारले यस पवित्र कार्यक्रमलाई विगत १६ वर्ष अगाडि देखि निरन्तर रुपमा संचालन गर्दै आएको छ । रक्त सञ्चार केन्द्रमा "A Positive" रगत समूह प्रशस्त बाकि रहेको कारणले यस पालिको कार्यक्रममा उक्त समूहको रक्तदाताहरूबाट रक्तदान लिइएको थिएन ।

धर्मकीर्ति विहारको आयोजनामा र स्वयम्भू रत्न तुलाधरको संयोजकत्त्वमा संचालित उक्त कार्यक्रममा रक्तदाताहरूलाई खाद्य पदार्थ, फलफुल र चीसो पेय पदार्थहरू प्रदान गरी सेवा गर्ने दाताहरूको नाम यसरी उल्लेखित थियो ।

इन्द्रमान समूह - पेय पदार्थ (कोक, फान्टा), धन बहादुर समूह - फलफुल (सुन्तला), कीर्तिमैया समूह - दूध । यसरी नै फलफुल, खाद्य पदार्थ दान गर्नुहुने अन्य दाताहरू यसरी हुनुहुन्थ्यो - गुरुमांहरू, केशरीमाया, शान्त, अजी, कमलादेवी, नानीमाया र रत्नदेवी आदि ।

रक्तदाताहरूको नामावलि:–

| | |
|---|---|
| (१) भिक्षु कोण्डञ्ञ | (२) रमेश मान स्थापित |
| (३) नविन चित्रकार | (४) दिपक रत्न शाक्य |
| (५) सरिता तुलाधर | (६) संजय शाह |
| (७) विजयश्वरी वज्राचार्य | (८) पद्म कुमारी शाक्य |
| (९) पूर्ण प्रसाद मानन्धर | (१०) सुमन वज्राचार्य |
| (११) गीता सिंह | (१२) लक्ष्मी डंगोल |
| (१३) अनिल कृष्ण जोशी | (१४) रवि श्रेष्ठ |
| (१५) अगम्य कंसाकार | (१६) राम काजी श्रेष्ठ |
| (१७) उद्योग रत्न तुलाधर | (१८) संजय महर्जन |
| (१९) अम्बिका नकर्मी | (२०) कमल शाक्य |
| (२१) उदय कायस्थ | (२२) उदय राज जोशी |
| (२३) विरेन्द्र सिंह | (२४) हसन कुमार वज्राचार्य |
| (२५) ध्रुव राजकर्णिकार | (२६) समुन्द्र ताम्राकार |
| (२७) अमृत वज्राचार्य | (२८) विरेन्द्र प्रधानाङ्ग |



Downloaded from http://www.dhamma.digital

## बिस्कुट दान

२०५६ बैशाख १७ गते । २५४३ औं बुद्ध पूर्णिमाको उपलक्षमा धर्मकीर्ति विहार श्रीघः को आयोजनामा काठमाडौं स्थित बीर अस्पतालमा बिरामीहरूलाई बिस्कुट दान गरिएको छ ।

## "कुसंस्कार"

✍ *किशोर धुसः गाः बहाः यल*

न्ह्याक्व हे धन-सम्पत्ति दसां ।
तृप्त मजू स्व मनु तय्‌गु मन ॥
थाःगाः मदुगु तृष्णाया सागरय्‌ ।
क्वब्वना वना च्वन मानव थन ॥

"दशैं महान पर्व हिन्दु मात्रया" ।
न्यंका जुल रेडियों दँ दँ पतिकं ॥
अझ न बौद्धपिंसं ध्वाः थुइके मफया ।
याना जुल हिंसा द्यो द्यो पतिकं ॥

नाना थाय्‌ थासय्‌ द्येके वना ।
हना च्वन न्ह्याबलें नखः चखः ॥
पुलांगु संस्कार धाधां तः क्यना ।
सियाच्वन निर्धनीपिंसं दुःख ॥

लोहंते आकार प्रकार लुइवं ।
द्यो धया म्हं सिइकि सकसिनं ॥
मनुनं मनु म्ह सिके मफया ।
हिंसा आतंक न्यना वल थन ॥

उकिं, आतक लानि हे पासापिं ।
बांमलागु "कुसंस्कार" त्याग याय्‌गु स्व ॥
थम्ह थत म्ह सिइकेगु खसा ।
"बुद्ध" या ज्ञानय्‌ मिला ब्वया स्व ॥

- त्रिशरण गमन -

# शील

✍ *सुनिता बज्राचार्य*

सधैं शील पालन गरे
सुख, शान्ति र आनन्द प्राप्त हुन्छ
साथै रुप सम्पत्ती र दीर्घायू हुन्छ
कहिल्यै पनि अल्प आयूमा मृत्यु हुँदैन ।

यसरी नै सधैं शील पालन गरौं
सधैं सधैं प्रयत्न गरौं
कहिल्यै प्राणि हत्या नगरौं
बरु सकिन्छ भने सबै प्राणि प्रति
दया, माया र करुणा भाव गरौं

कहिल्यै पनि अरुहरूको बस्तु
प्रति लोभ नगरौं
साथै अरुहरूलाई चोरी गर्न प्रेरित नगरौं
बरु सकिन्छ भने दान गरी त्याग भाव गरौं

कहिल्यै पनि व्यभिचार नगरौं
दुर्व्यवहार पनि नगरौं
अरुहरूलाई पनि यस्तो काम गर्न प्रेरित नगरौं
बरु सकिन्छ भने सबै प्रति सद्‌ब्यवहारको भाव गरौं

कहिल्यै पनि झूठ नबोलौं
चुक्ली र चाप्लुसी नगरौं
अरुहरूलाई पनि सत्य बोल्न प्रेरित गरौं
जस्तै कठिन परिस्थितीमा पनि सत्य नै बोलौं

कहिल्यै पनि नसालु पदार्थ
सेवन नगरौं
बेहोशी नबनौं
सधैं प्रति क्षण सजग रहन प्रयत्न गरौं

यसरी सधैं शील पालना गर्दा
हुन्छ सबै प्राणि मात्रको कल्याण
यसरी नै शीलले रक्षा गर्छ भय र विपत्तिबाट
यसरी नै शीलले रक्षा गर्छ दुःख र संतापबाट



Downloaded from http://www.dhamma.digital

## २५४३ औं बुद्ध पूर्णिमाको उपलक्षमा विभिन्न स्थानहरूमा बिभिन्न कार्यक्रमहरू सम्पन्न

**२५४३ औं बैशाख पूर्णिमाको उपलक्षमा सन्देश**

२०५६ वैशाख १७ गते । २५४३ औं बैशाख पूर्णिमालाई लुम्बिनी दिवसको रुपमा मनाइएको अवसरमा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट एक सन्देश हुकुम भएको थियो। मौसुफको सन्देशमा शान्ति, अहिंसा, सहिष्णुता र मैत्री जस्ता बुद्धका उपदेशहरू बिश्वमा बिद्यमान जटील समस्या समाधान गर्नका लागि आज पनि उत्तिकै समसामयिक देखिएको कुरा हुकुम भएको छ ।

त्यस्तै सन्देशमा गौतम बुद्धबाट प्रतिपादित आदर्शहरूलाई हृदयंगम गर्दै आजको मानव समाजलाई सुसंस्कृत, सभ्य, शान्तमय बनाउन आ-आफ्नो क्षेत्रबाट योगदान पुऱ्याउन यस दिवसले प्रेरणा देओस् भनी शुभ कामना बक्सेको छ ।

मौसुफबाट प्रत्येक बर्ष बैशाख पूर्णिमाको दिनलाई हामीले बुद्ध जयन्तीको रूपमा मनाउँदै आएको सन्देशमा उल्लेख गरिबक्सँदै गौतम बुद्धको जन्मस्थल लुम्बिनीको महत्त्वलाई दर्शाउँदै गतबर्ष सम्पन्न विश्व बौद्ध शिखर सम्मेलनबाट पारित प्रस्ताव अनुसार यो दिनलाई यस बर्षदेखि लुम्बिनी दिवसका रुपमा पनि मनाउन लागिएकोमा हामीलाई खुशीलागेको कुरा हुकुम भयो ।

यसरी नै प्रधानमन्त्री गिरीजाप्रसाद कोइराला र युवा खेलकूद तथा सँस्कृति मन्त्री पूर्णबहादुर खड्काले पनि बैशाख पूर्णिमाको उपलक्षमा आ-आफ्नो सन्देशहरू प्रस्तुत गर्नु भएको थियो ।

**काठमाडौं**

आनन्दकुटी विहार स्वयम्भू । आनन्दकुटी विहार स्वयम्भूमा बौद्ध हाजिरी जवाफ प्रतियोगितामा प्रथम हुने कन्या मन्दिर उच्च मा.वि., दोश्रो हुने शहीद स्मारिका मा.वि. र तेश्रो हुने कान्ति इश्वरी राज्यलक्ष्मी बिद्यालयलाई प्रमाण-पत्र र शिल्ड प्रदान गरियो ।

सो अवसरमा आँखा दान र रक्तदान कार्यक्रम पनि सम्पन्न भएको थियो । भिक्षु कुमार काश्यपको अध्यक्षतामा संचालित उक्त कार्यक्रम राष्ट्रिय सभाका अध्यक्ष बेनी बहादुर कार्कीको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो ।

**हाँडीगाउँ**

स्थानीय हाँडीगाउँ स्थित त्रिशक्ति क्लवले प्रत्येक वर्ष झैं बुद्ध पूजा गरी रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो । उक्त अवसरमा गणेशबहादुर मानन्धर, प्रमिला उप्रेती लगायत स्थानीय बुद्धिजीवी, युवा समाजसेवी तथा स्थानीय जनता गरी ४५ जवानले रक्तदान गरेका थिए ।

**हनुमान ढोका (विश्वनाथ मन्दिर)**

मखन महादेव क्लवको व्यवस्थापनमा काठमाडौं जिल्लाव्यापी पन्ध्रौं अन्तरमाध्यामिक विद्यालय स्तरीय हाजिरी जवाफ प्रतियोगिताको उद्‌घाटन भिक्षु सुदर्शन महास्थवीरले गर्नु भएको थियो । उक्त प्रतियोगितामा दरवार हाइस्कूल, ज्ञानकुन्ज मा.वि., कीर्तिपुर माध्यामिक विद्यालय, शहीद शुक्र मा.वि., नन्दीरात्री मा.वि. र युनिभर्सल आवासीय मा.वि. रहेका छन् । प्रतियोगिताको निर्णायक मण्डलमा भिक्षु कुमार काश्यप, इतिहासविद भुवनलाल प्रधान र भिक्षु निग्रोध रहनु भएको थियो ।

**धर्मोदय सभा**

त्यस्तै धर्मोदय सभाद्वारा आयोजित "बौद्ध धर्मको तुलनात्मक विश्लेषण" विषयक अन्तरक्रिया कार्यक्रममा भिक्षु ज्ञाणपुर्णिक महास्थवीरले भन्नुभयो- "साम्प्रदायिक वादविवाद, हत्या, हिंसामा फसेर समय वर्वाद गर्नु धर्म होइन, आर्य अष्टाङ्गिक मार्ग, चतुआर्य सत्यलाई बुझेर अनुशरण गरी जीवन सफल पार्नु नै बुद्ध धर्म हो ।"

सभामा बौद्ध बिद्वान तथा इतिहासविद् भुवनलाल प्रधानले क्रिश्चियन, मुश्लिम लगायतका धर्मले अलौकिक इश्वरको अस्तित्व स्वीकार गरी अन्धविश्वास बारे ब्याख्या गरेको उल्लेख गर्दै बुद्धले आफ्नो मालिक आफै हो भनी अलौकिक ईशवरको अस्तित्व नस्वीकारेको कुरा बताउनु भयो ।



Downloaded from http://www.dhamma.digital

विज्ञानमा आधारित बौद्ध धर्मले खान नपाउनु नै विश्वको मूल समस्या भएको ठहर गर्दै इतिहासविद् प्रधानले बुद्धले अरुले भनेको, कितावमा लेखिएको र सुनेको भन्दैमा स्वतन्त्र मनले सही नठहऱ्याएसम्म मान्नै पर्छ भने छैन भनी मानवीय स्वतन्त्र विचारको कदर गरेको विचार व्यक्त गर्नुभयो ।

भिक्षु कुमार काश्यप समक्ष पञ्चशील प्रार्थना गरी शुरु गरिएको उक्त सभामा धर्मरत्न शाक्य र धर्मोदय सभाका उपाध्यक्ष लोकदर्शन बज्राचार्यले आ-आफ्नो विचार ब्यक्त गर्नु भएको थियो ।

**इटहरी**

इटहरीमा २५४३ औं बुद्ध पूर्णिमा विभिन्न कार्यक्रमहरूको आयोजना गरी मनाइयो ।

**धरान**

सम्यक शिक्षा समूह धरानद्वारा आयोजित बुद्ध धार्मिक प्रवचन कार्यक्रममा धरान नगरपालिकाको उपप्रमुख कृष्णनारायण पालिखेले मानव जातिले मानव समुदायको हितका लागि बुद्धको धार्मिक नीतिलाई अनुशरण गर्न सकेमा विश्व मानव जगत शान्तिमय बन्न सक्ने कुरा बताउनु भयो ।

सम्यक शिक्षा समूहका संयोजक विद्या शाक्यको सभापतित्त्वमा सम्पन्न भएको सो धार्मिक प्रवचनमा विभिन्न वक्ताहरूले आ-आफ्नो मन्तब्य ब्यक्त गर्नु भएको थियो ।

यसरी नै स्वयम्भू चैत्य महाविहार धरानद्वारा आयोजित धार्मिक कार्यक्रममा कल्पबृक्ष दान कार्यक्रमको पनि आयोजना गरियो ।

हिमालयन महायान रिन्छेन छचोलि बुद्ध गुम्बाको संयोजकत्त्वमा धरानमा विशाल शान्ति पदयात्रा कार्यक्रमको आयोजना गरियो ।

भिक्षु, बौद्ध धर्मावलम्बीहरू, सामाजिक संघसंस्थाका मानिसहरूको झांकी एवं बाजागाजा सहितको सो शान्ती पदयात्राले धरान नगरको मुख्य स्थानको परिक्रमा गरी सम्पन्न गरिएको थियो ।

इटहरी नगर पालिकाको प्रांगनबाट निस्केको शान्ति पद यात्राले इटहरी नगरका बिभिन्न स्थानमा परिक्रमा गरिएको थियो । बर्माबाट आउनु भएका भिक्षु जटिल र गुरुमां दो पन्यासारीले धरान बुद्ध बिहारमा आयोजित एक समारोहमा कल्पबृक्ष प्रदान गर्नुभई कल्पबृक्ष र बुद्ध शिक्षा विषयमा प्रवचन दिनु भएको थियो ।

**बिराटनगर**

वडा नं १५ स्थित बुद्ध विहारमा भिक्षु कोण्डञ्ञ समक्ष पञ्चशील प्रार्थना गरी बुद्ध पूजा र धर्म देशना गरिएको थियो ।

यस अघि विराटनगर उप महानगरपालिकाको जह्दादेखि बुद्ध बिहारसम्म शान्तिपदयात्रा गरिनुका साथै युवा बौद्ध संघको तत्वावधानमा भएको अन्तर मा.वि. चित्रकला र हाजिरी जवाफ प्रतियोगितामा विजयी हुनेहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो ।

सो अवसरमा विभिन्न महानुभावहरूले बुद्ध र बुद्ध शिक्षाबारे चर्चा गर्नु हुँदै आ-आफ्नो मन्तब्यहरू ब्यक्त गर्नुभएका थिए । वक्ताहरूको नाम यसरी उल्लेखित छन्

भिक्षु कोण्डञ्ञ, बिराटनगर उपमहानगर पालिकाका प्रमुख रमेश चन्द्र पौडेल, समाजसेवी नारायण प्रसाद श्रेष्ठ, सह प्राध्यापक जीवेश्वर लाखे र अधिवक्ता चन्द्रमणि न्यौपाने आदि ।

बौद्ध संघ एवं आयोजक समारोह समितिका अध्यक्ष धर्मकुमार हलुवाईको सभापतित्त्वमा सम्पन्न भएको उक्त समारोहमा उपासिका संघका अध्यक्ष रचना शाक्य र सचिव सत्य नारायण ताम्राकारले आ-आफ्नो मन्तब्य प्रकाश पार्नु भएको थियो ।

**पोखरा**

बौद्ध अर्घौं सदन पोखराद्वारा आयोजित धार्मिक सभाको राजपरिषदका सदस्य गणेशबहादुर गुरुङ्गले उद्घाटन गर्नु भएको थियो । सोही अवसरमा उहाँले बौद्ध अर्घौं सदनमा भवन निर्माण गरिदिने मेजर जयबहादुर गुरुङ्गकी पत्नी रुपकुमारीलाई कदरपत्र प्रदान गर्नु भएको थियो ।

मेजर श्री गुरुङ्गले आफ्नी सासु स्वर्गीय श्रीमती चन्द्रकुमारी गुरुङ्गको पुण्य स्मृतिमा रू. २ लाख ८० हजार ४७८ को नीजि खर्चमा सो भवन निर्माण गर्नु भएको थियो । सदनका अध्यक्ष उमरध्वज गुरुङ्गको सभापतित्त्वमा सम्पन्न भएको सो समारोहमा बुद्ध शिक्षा



Downloaded from http://www.dhamma.digital

बारे आ-आफ्नो मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो ।

खिम्पो वागिन्द्रशिल, भिक्षु अस्सजित, प्रमुख अतिथि राजपरिषद्का सदस्य गणेश गुरुङ्ग, सनातन धर्म सेवा समितिका केन्द्रिय उपाध्यक्ष रवीन्द्र माकजु, सदनका उपाध्यक्ष बीरबहादुर गुरुङ्ग, शंकर गुरुङ्ग, तमुधी कास्कीका अध्यक्ष भद्रबहादुर घले आदि ।

यसरीनै धर्मशीला बुद्ध विहार नदीपुरमा आयोजित विविध प्रतियोगितामा विजयी छात्रछात्राहरूलाई भिक्षु अस्सजितले शील पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभयो ।

सो उपलक्षमा आयोजित हाजिरीजवाफ रनिङ्ग शील्ड प्रतियोगितामा माउन्ट अन्नपूर्ण मा.वि. प्रथम, एस.ओ.एस हरमन माईनर विद्यालय द्वितीय, प्रतिभा बोर्डिङ्ग स्कूल तृतीय तथा ज्ञानु वावा वोर्डिङ्ग स्कूल चतुर्थ भएका थिए ।

यस्तै खुल्ला टेवुल टेनिस प्रतियोगितामा प्रथम हुने नरेश पाण्डे, द्वितीय हुने सन्तोष राजवंशी, तृतीय हुने भरत पौडेल र चतुर्थ हुने राम प्रकाश उपाध्याय थिए । सो अवसरमा ज्ञानमाला संघका अध्यक्ष कृष्णमान गुभाजुको सभापतित्त्वमा सम्पन्न भएको सो समारोहमा पोखरा विश्वविद्यालयका रजिष्ट्रार प्रकाशमान गुभाजु, राजपरिषदका सदस्य गणेश बहादुर गुरुङ्ग, सनातन धर्म सेवा समितिका केन्द्रिय उपाध्यक्ष रवीन्द्र माकजु र धर्मोदय सभाका केन्द्रिय उपाध्यक्ष गणेश परियार आदिले आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएका थिए ।

### भरतपुर

बुद्ध प्रतिमा रथमा राखी बाजा गाजाका साथ नगर परिक्रमा गरिएको थियो ।

चितवन विहार संघको आयोजनामा सम्पन्न भएको उक्त न्याली बुद्ध विहारमा पुगी प्रवचन कार्यक्रममा परिणत भएको थियो ।

उक्त प्रवचन कार्यक्रममा विभिन्न वक्ताहरूले भगवान बुद्धको सन्देशलाई प्रत्येक मानवले पालन गर्नुपर्ने मन्तव्य व्यक्त गर्नुभएका थिए ।

सोही अवसरमा बुद्ध गुम्बा तीन खोले, बुद्ध विहार शारदानगर, गुन्जनगर आदि स्थानहरूमा पनि प्रार्थना, पूजा पाठ गरिएको थियो ।

### धर्मदेशना

२०५५ चैत्र १३ गते । ल.पु.बौद्ध युवा कमिटीको आयोजनामा महिनामा एक पटक टोलटोलमा धर्म देशना गर्ने कार्यक्रम अनुसार पाटनको वडा नं ९ स्थित खपिंछे टोलमा ।

शील प्रार्थनाबाट शुरु गरिएको उक्त कार्यक्रममा धर्मदेशना गर्नु हुँदै भिक्षु अश्वघोषले भन्नुभयो- हामीले आ-आफ्नो चित्त शुद्ध गर्नु परेको छ । यसो गर्न सकेमा मात्र हाम्रो जीवन सुखमय हुनेछ । चित्त शुद्ध भएर मात्र पनि पुग्दैन हामीले आफ्नो दृष्टिलाई ठीक राखी निश्वार्थपूर्वक सेवा भाव राखी कार्य गर्नु परेको छ ।" धर्म देशना कार्यक्रम पछि कमिटीका सचिव विश्वन्तर शाक्यले धन्यवाद ज्ञापन गर्नुहुँदै कमिटीको धर्मप्रचार कार्यक्रमको उद्देश्य नै समाजमा देखिएका विकृतीहरूलाई हटाउनु हो भनी आफ्नो मनसाय व्यक्त गर्नुभयो ।

बैशाख १३ गते ल.पु. गुजि बहालमा पनि सोही कमितीको आयोजना अनुसार भिक्षु अश्वघोषबाट बुद्धजीवनीबारे धर्मदेशना भएको थियो ।

### चितवन बौद्ध जागरण

चितवन, २०५५ । हिमालयन बौद्ध जागरण शिक्षण संस्था, ललितपुरको उद्देश्य अनुरुप महा पञ्चम् गुम्बा सरदा नगर, किरण गंज चितवनको आयोजनामा फागुण ९ गते देखि १३ सम्म बौद्ध जागरण तथा लामा प्रशिक्षण शिविर संचालन गरेको समाचार छ । परापूर्वकाल देखि वंशजको बौद्ध भएतापनि बुद्ध शिक्षालाई राम्ररी चिन्न नसेकका बौद्ध लामा र दाताहरूलाई बुद्ध शिक्षाको वास्तविकता बारे ज्ञान गराई जागृत गराउने उद्देश्यले यस शिविरको आयोजना गरिएको कुरा थाहा भएको छ । उक्त ५ दिने बौद्ध जागरण प्रशिक्षण शिविरको उद्घाटन वरिष्ठ प्रशिक्षक खेन्पो ङवाङ वोशेर लामा र जि.वि.स. सभापति बिष्णु घिमिरेले संयुक्त रुपमा बौद्ध भ्रण्डोत्तोलन गरी आरम्भ गर्नु भएको थियो । आफ्नो उद्घाटन भाषणमा ङवाङ वोशेर लामाले सहभागी लामाहरूले गरिएका प्रश्नहरूको उत्तर दिँदै भन्नुभयो- बुद्ध शिक्षाको दर्शन अनित्य, अनात्म र शून्यबाद हो । मानिसको मन सन्ततीमा भएका राग, द्वेष र मोहको प्रतिकार गर्न भगवान बुद्धले विनय पिटक, सुत्तपिटक र अभिधर्म पिटकको देशना गर्नु भएको हो ।



Downloaded from http://www.dhamma.digital

बर्माका नागरिक भिक्षु जटिलले बुद्ध धर्म भनेको स्वयं आफैले बुझ्न सक्नुपर्ने स्वयम्भु ज्ञान हो । यसरी नै उक्त समारोहमा वक्ताहरूले बौ.जा.प्र. शिविरको औचित्य र बुद्ध शिक्षाबारे आ-आफ्ना मन्तब्यहरू ब्यक्त गर्नु भएका थिए । वक्ताहरूको नाम यसरी उल्लेख गरिएका छन् ।

जि.वि.स. सभापति बिष्णु घिमिरे क्षेत्रिय सदस्य पूर्ण बहादुर गुरुङ्ग, जिल्ला सदस्य गंज सिंह गुरुङ्ग, सरदा नगरको गा.वि.स. अध्यक्ष आस बहादुर लामा, शिविर आयोजक समितिका अध्यक्ष लोप्चन लामा आदि । लोप्चन लामाको अध्यक्षतामा सम्पन्न भएको उक्त शिविरमा चितवन जिल्लाका तामाङलामा, राई लामा, गुरुङ लामा, गोम्पाका प्रतिनिधि र आसपासका छिमेकी जिल्लाका लामा प्रतिनिधिहरूले भाग लिनु भएका थिए । सहभागीहरूलाई ङवाङ वोशेर लामाज्यूले, चतुआर्य सत्य, शरण गमण र चित्तोप्पाद, भिक्षु जटिल ज्यूले प्रतित्य समुत्पाद र ल्वोपेन ङवाङ बोग्क्षोगले सैंतिस बोधिचर्या विषयमा लगातार ५ दिन सम्म प्रशिक्षण दिनुभएको थियो । बेलुकीपख भिडियो प्रदर्शन गरेको कुरा पनि आयोजक समितिबाट थाहा भएको छ ।"

**भक्तपुर मैत्रेय युवा संघको वर्ष दिनको झलक**

| | *वक्ता* | *विषय* |
|---|---|---|
| १. | डा. वज्र राज शाक्य | नेपा:या परम्परागत बुद्ध धर्म संरक्षण व बहा बहिया भूमिका |
| २. | श्रद्धय भिक्षु ज्ञानपुर्णिक | युवा वर्गमा आउने विकृति हटाउने बुद्ध को भूमिका । |
| ३. | रत्न सुन्दर शाक्य | "बौद्ध झण्डा" |
| ४. | श्रद्धय भिक्षु निग्रोध | बुद्धको शिक्षा अनुरुप जीवन अपनाउने ! |
| ५. | डा. मित्र सुशोभन | बुद्ध को हो ? भन्ने विषय छलफल |
| ६. | सुश्री सविता धाख्वा | नारी पुरुष समान बुद्ध धर्म |
| ७. | भिक्षु अश्वघोष, वखत बाहादुर चित्रकार | बौद्ध शिखर सम्मेलन को विशेष जानकारी |
| ८. | प्रा. शुवर्ण शाक्य | बुद्ध धर्म र संस्कृति |
| ९. | राकेश अवाल | बौद्ध संघ संस्थाको कर्तव्य र नेतृत्व । |

समय समयमा संघका सदस्यहरू भेटघाट गरी आफूलाई लागेको कुराहरू ब्यक्त गराउने छलफल गर्ने ।

- २०५४ वैशाख १२ गते विश्व शान्ति विहारमा "अभिनन्दन समारोहमा" भिक्षु संघका माहानायक भिक्षु अनिरुद्ध महास्थविर ज्यूलाई मैत्रेय युवा संघ भक्तपुरबाट सम्मान पुर्वक अभिनन्दन प्रदान गर्नु भएको थियो ।
- २०५५ जेठ २३ गते मैत्रेय युवा संघ र विश्व शान्ति पुस्तकालय बिच परिचयात्मक कार्यक्रम सम्पन्न ।
- २०५५ असार २७ गते मैत्रेय युवा संघको आयोजनामा छैठौं वक्तृत्वकला पर्व भब्य रुपले सम्पन्न ।
- उक्त कार्यक्रम संघबाट अनिल शाक्यले भाग लिनु भएका थिए ।
- सातौं वक्तृत्वकला पर्व पाटन दिपावति पुस्तकालयले आयोजना गर्ने जिम्मा लिएको ।
- २०५५ आश्विन २ र ३ गते दुई दिन संघको आयेजनामा नमो बुद्धमा ऐतिहासिक अध्ययन भ्रमण गरेको ।
- २०५५ साल कार्तिक १५-१९ गते सम्म नेपाल बौद्ध संस्कृति सम्मेलनको कार्यक्रममा मैत्रेय युवा संघको संयोजकत्वमा तिन शहरका बौद्ध कला संस्कृति सम्वन्धि फोटो प्रदर्शन ।
- २०५५ मङ्सिर ५ गते विश्व शान्ति विहारमा बस्ने २६ जना भिक्षु श्रामणेरहरूलाई भक्तपुर नगरमा भिक्षाटनको लागि भक्तपुरका बौद्ध संघ सस्था र विश्वशान्ति पुस्तकालयका सदस्यहरू मिलेर स्वयम् सेवक भएर सहयोग गरेको ।

## लुम्बिनी दिवस

लुम्बिनी - भैरहवा । गत मंसीर १४-१६ गते २०५५ सालमा सम्पन्न विश्व बौद्ध शिखर सम्मेलनको अवसरमा भएको लुम्बिनी घोषणा पत्रमा प्रत्येक वर्ष बैशाख पूर्णिमालाई "लुम्बिनी दिवस" को रुपमा मान्ने भन्ने उल्लेख भए बमोजिम यसपाली २५४३ औं बुद्ध



Downloaded from http://www.dhamma.digital

पूर्णिमाको उपलक्षमा लुम्बिनी बिकास कोषको आयोजनामा लुम्बिनी दिवस विभिन्न कार्यक्रम गरी मनाइएको समाचार छ ।

२०५६ साल बैशाख १६-१७ गते मनाइएको सो लुम्बिनी दिवस समारोहमा बुद्ध शिक्षामा आधारित प्रवचन, ज्ञानमाला भजन एवम् सामूहिक दिपावली, शोभा यात्रा, पञ्चशील प्रार्थना, बुद्ध पूजा, धर्म देशना, प्रमुख अतिथीबाट पुरस्कार वितरण (अन्तरराष्ट्रिय बौद्ध समाजद्वारा आयोजित हाजिरी जवाफ प्रतियोगिताका विजेताहरूलाई) आदि कार्यक्रमहरू सम्पन्न गरिएको थियो ।

बैशाख पूर्णिमाको उपलक्षमा लुम्बिनी संग्रहालय नि:शुल्क खुल्ला राखिएको थियो भने लुम्बिनी क्षेत्र भित्र निर्मित विहार, गुम्वा, चैत्य आदि पर्यवेक्षक तथा यात्रुहरूलाई खुल्ला राखिएको थियो । शिखर सम्मेलन सम्पन्न भएपछि प्रथम पटक आयोजित लुम्बिनी दिवसमा विगत वर्षहरूको तुलनामा नयाँ र रोचक कार्यक्रमहरू समावेश हुने आशा जनसमुदायले राखेका थिए । तर दुई दिने लुम्बिनी दिवस पनि बिगत वर्षहरूको बुद्ध पूर्णिमा जस्तै औपचारिकतामा मात्र सीमित हुन पुगेको कुरा जनाइएको छ । लुम्बिनीको महत्त्वलाई लुम्बिनी दिवसका रुपमा मनाउने भनी राखिएको प्रस्तावलाई सरकारले अनुमोदन गरे जस्तै लुम्बिनी दिवसकै अवसर पारी लुम्बिनीमा बिशेष तथा रोचक कार्यक्रमहरूको आयोजना गरी पर्यटकहरूलाई ठूलो आकर्षण गर्न सकिने थियो भन्ने जन गुनासाहरू सुनिन थालिएका छन् ।

बुद्ध पूर्णिमा अर्थात् लुम्बिनी दिवस बुद्ध जन्मेको, ज्ञान प्राप्त गरेको र निर्वाण भएको दिन हुनाले बिश्वका सम्पूर्ण बौद्ध धर्मावलम्बीहरूका लागि ज्यादै महत्त्व रहेको यस दिनमा लुम्बिनीको दर्शन गर्न थाइलैण्डका पूर्व प्रधानमन्त्री तथा विपक्षी दलका नेता जनरल चेमालितयोन चाई युन शुक्रबार लुम्बिनी आइपुग्नु भएको थियो ।

तर लुम्बिनीको महत्त्वलाई अन्तरराष्ट्रिय स्तर सम्म पुऱ्याउने भनी प्रस्तुत गरिएको लुम्बिनी घोषणा पत्र अनुसार लुम्बिनीमा प्रभावकारी कार्य सञ्चालन गर्नका लागि प्रयासरत रहनुपर्ने जन गुनासाहरू पनि सुनिन थालिएका छन् । यसै सिलासिलामा एक सहभागीको बिचार अनुसार "लुम्बिनी गुरु योजना बमोजिम लुम्बिनीमै निर्मित करीब २ कि.मि. दूरीको नहरमा नौका (डुंगा) बिहार कार्यक्रम राख्ने हो भने गर्मी मौसममा बिदेशी तथा स्वदेशी पर्यटकका निम्ति लुम्बिनीमा थप पर्यटकीय आकर्षण हुन पुग्थ्यो ।

तर प्रत्येक बर्ष लुम्बिनीमा आयोजना हुने बुद्ध पूर्णिमामा सहभागीहरूको संख्या घट्दै जानुको मुख्य कारण कार्यक्रममा नयाँपन तथा रोचक नहुनु नै मुख्य मानिएको छ ।

## प्रवचन कार्यक्रम

२५४३ औं बुद्ध पूर्णिमाको उपलक्षमा राष्ट्रिय समाज विकास केन्द्रको आयोजनामा "बुद्ध धर्म र वर्तमान नेपाल" विषयमा एक प्रवचन कार्यक्रम सम्पन्न भएको समाचार छ । उक्त कार्यक्रममा आफ्नो बिचार प्रकट गर्नुहुँदै नेपालभाषा प्रजातान्त्रिक खल:का सचिव प्रदीपमान श्रेष्ठले मानव मात्रका मुक्तिका लागि दर्शन प्रतिपादन गर्नुहुने शिद्धार्थ गौतमलाई भगवान भन्नु भन्दा शान्तिका दूत महामानव भन्नु उपयुक्त हुनेछ ।

परोपकार स्कूलमा सम्पन्न भएको उक्त समारोहमा उहाँले बिद्वान बुद्धले स्त्री जाती र निम्न वर्गका मानिसहरूलाई शासक वर्गहरूले गरिएको शोषण समाप्त गर्नका लागि आवाज उठाउनु भएको हुँदा बुद्धको दर्शनलाई मानव मुक्तिको मार्गको रुपमा लिन सकिन्छ भन्ने मनसाय व्यक्त गर्नुभयो ।

उहाँले फेरि भन्नुभयो "सिद्धार्थ गौतमले सर्वजन हिताय सर्वजन सुखाय भन्नु भएको छैन । बरू बुद्धले बहुजन हिताय बहुजन सुखाय भन्नुभएको छ । आजको प्रजातान्त्रिक विश्वमा तथागत बुद्धलाई भगवान नभनी विश्वका राजनेता भन्नु उपयुक्त हुनेछ ।"

सभालाई सम्बोधन गर्नुहुँदै भिक्षु सुदर्शन महास्थवीरले बुद्ध बारे प्रवचन गर्नुभयो भने भिक्षु सुशीलले बुद्ध शिक्षाको औचित्यता बारे प्रकाश पार्नुभयो ।

उक्त कार्यक्रममा बिभिन्न बिद्वानहरूले आ-आफ्नो मन्तब्य प्रकट गर्नुभएका थिए । मन्तब्य प्रकाश गर्नुहुने ब्यक्तिहरू यसरी हुनुहुन्थ्यो- बौद्ध बिद्वान कनकदीप वज्राचार्य, डा. सानुभाई डंगोल, लक्ष्मण शाक्य (भिक्षु सुशोभन), सुवर्ण शाक्य आदि ।



Downloaded from http://www.dhamma.digital

राष्ट्रिय समाज विकास केन्द्रका कुमार रंजितको सभापतित्त्वमा संचालित उक्त कार्यक्रममा केन्द्रका भोजेन्द्र बहादुर खत्रीले स्वागत भाषण गर्नु भएको थियो भने क्षितिज यादवले कार्यक्रम संचालन गर्नु भएको थियो ।

## रक्तदान

भक्तपुर, २०५६ बैशाख १३ । २५४३ औं बैशाख पूर्णिमाको अवसरमा भक्तपूर नास खल:ले स्थानीय कुथुवहीस्थित बौद्ध सँस्कृत बिहारमा आइतबार खुल्ला रक्तदान कार्यक्रमको आयोजना गरिएको समाचार छ ।

खल:का अध्यक्ष दशरथ प्रजापतीले उद्घाटन गर्नुभएको उक्त रक्तदान कार्यक्रममा महिला र पुरुष गरी जम्मा ९० जवान रक्तदाताहरूले रक्तदान गरेका थिए ।

## शान्ति पदयात्रा

बेसीशहर बैशाख १७ गते । २५४३ औं बुद्ध पूर्णिमाको अवसरमा द रेयुकाई नेपाल लमजुङ उपशाखाको आयोजनामा शुक्रबार शान्तिपदयात्रा सम्पन्न गरिएको समाचार छ ।

उक्त कार्यक्रममा लमजुङ्ग जिल्ला अदालतका जिल्ला न्यायाधीश रामेश्वरनाथ अमात्यले शान्तिका प्रमुख जोडी परेवा उडाएर पदयात्रा शुभारम्भ गर्नुभएको थियो ।

रेयुकाई कार्यालयबाट सुरु भएको पदयात्रामा जिल्ला विकास समितिका सभापति जमिन्द्रमान घले, कार्यालय प्रमुखहरू, हिमाली आवासीय र विद्या विकास वोर्डिङ्गका छात्रछात्राहरू शिक्षक तथा रेयुकाई सदस्यहरूको उपस्थिति थियो ।

## शान्ति दौड

२५४३ औं बुद्ध पूर्णिमाको उलपक्षमा नेपालको बौद्ध धर्म संघको आयोजनामा २० जवान धावकहरूको एक समूहले मिति २०५६/१/१४ देखि २०५६/१/१७ सम्ममा काठमाडौंको जनबहालबाट पाल्पा सम्म शान्ति दौड कार्यक्रम सम्पन्न गरिएको समाचार प्राप्त भएको छ । कार्यक्रममा सहभागी हुने धावकहरूको नामावली यसरी उल्लेखित छन्-

१) रमेश शाक्य २) एभान रंजित ३) ज्ञानरत्न डंगोल ४) मणिरत्न महर्जन ५) सुरेन्द्र महर्जन ६) मथुरा महर्जन ७) रमेश महर्जन ८) बालकृष्ण महर्जन ९) ज्ञानुराज तुलाधर १०) अरुण श्रेष्ठ ११) बाबु कृष्ण महर्जन १२) त्रिरत्न मानन्धर १३) संसार लालबैद्य १४) सुश्री राधा श्रेष्ठ १५) सुश्री ममीता शाक्य १६) सुश्री उपासना शाक्य १७) सुश्री उषा मानन्धर १८) सुश्री लक्ष्मी महर्जन १९) सुश्री सुलोचना अवाली २०) सुश्री विमला महर्जन ।

## धर्मदेशना

स्थान: चारुमती बिहार, चाबहिल । २५४३ औं बुद्ध पूर्णिमाको उपलक्षमा चारुमती विहारमा भिक्षु तपस्सीको आयोजनामा साप्ताहिक धर्मदेशना कार्यक्रम सम्पन्न गरिएको समाचार छ । उक्त साप्ताहिक कार्यक्रममा धर्म देशना गर्नु हुने भिक्षु तथा भिक्षुणीहरूको नामावली यस प्रकार रहेको छ ।

१) भिक्षु अश्वघोष २) भिक्षु भद्दिय
३) भिक्षुणी धम्मवती ४) भिक्षुणी कुसुम

## पुस्तक विमोचन

२०५६ बैशाख ११ गते । स्थान: धर्मचक्र विहार, बागबजार । २५४३ औं बुद्ध पूर्णिमाको उपलक्षमा थेरवाद बौद्ध दायक केन्द्रिय परिषदबाट प्रकाशित पुस्तक "संक्षिप्त बौद्ध चर्या पद्धति" एक समारोह बिच भिक्षुणी कुशुमबाट विमोचन गरिएको समाचार प्राप्त भएको छ । श्री बखत बहादुर चित्रकारको सभापतित्त्वमा सम्पन्न उक्त समारोहमा बोल्नु हुँदै भिक्षुणी कुशुमले यस पुस्तकलाई बौद्ध परियत्ति शिक्षाको पाठयक्रममा समावेश गर्न उपयुक्त हुन्छ भन्नु हुँदै पूजा पाठ गर्नुमा मात्र सीमित नभई भित्री ज्ञान चक्षुले अध्ययन गरी बुद्ध शिक्षालाई ब्यवहारमा उतार्नु सक्नु उत्तम हुने कुरालाई प्रकाश पार्नुभयो ।

अष्टमुनि गुभाजुले पुस्तकमा उल्लेखित बिभिन्न शील, चतुआर्य सत्य, पारमिता आदि अमूल्य ज्ञानहरू बारे प्रकाश पार्नु भयो ।

भिक्षु अश्वघोष महास्थविरले शील समाधि र प्रज्ञा बारे प्रकाश पार्नु हुँदै भन्नुभयो- "बुद्ध शिक्षाका अनुयायीहरूले बुद्ध शिक्षा विपरित संस्कारहरू त्यागी बुद्धले देखाउनु भएको आचरणमा लाग्न आवश्यक भएको छ ।"


Downloaded from http://www.dhamma.digital

पुस्तक प्रकाशनार्थ आवश्यक आर्थिक सहयोग प्रदान गर्नुहुने दाता डा.केशरी लक्ष्मी मानन्धरले दिवंगत बौद्ध विदुषी मोती लक्ष्मी उपासिकाको पुण्य स्मृतिमा पुस्तक प्रकाशन गर्न पाएकोमा सन्तोष प्रकट गर्नुभयो।

यसरी नै प्रस्तुत पुस्तक अध्ययन गर्ने मात्र होइन यसबाट आवश्यक शिक्षा लिई आचरण सुधारी आ-आफ्नो जीवन सुखमय बनाउनका लागि आह्वान गर्नु हुँदै विभिन्न बक्ताहरूले आ-आफ्नो मन्तव्य व्यक्त गरेका थिए। उहाँहरूको नाम यसरी उल्लेखित छन्-

डा. नरेशमान बज्राचार्य, पासाङ गोपर्मा, हर्षमुनि शाक्य, आशबहादुर गुरुङ, विष्णु रत्न शाक्य, लोकबहादुर शाक्य र बखत बहादुर चित्रकार आदि।

अन्त्यमा पुण्यानुमोदन पछि सभाको विसर्जन भयो भने समारोहको विचमा बिष्णु रत्न शाक्य तथा सुश्री लक्ष्मीबाट चेतनमाला भजन गराइएको थियो। समारोहका उद्घोषक श्री कृष्ण कुमार प्रजापती हुनुहुन्थ्यो।

## कवि गोष्ठी

२०५६ बैशाख १२ गते। पद्मकन्या बहुमुखी क्याम्पस। २५४३ औं बुद्ध पूर्णिमाको उपलक्षमा विविध भाषा भाषी कवि गोष्ठी गरिएको समाचार प्राप्त भएको छ।

उक्त कार्यक्रम बेटी बज्राचार्य, (बौद्ध कवि गोष्ठी उप-समिति, बुद्ध जयन्ती समारोह समिति श्रीघः बिहार) को संयोजकत्त्वमा संचालन गरिएको थियो।

## धर्मबहादुर धाख्वा कल्याण कोष

गौतम बुद्धको जन्मभूमि नेपालमा बुद्धका अमूल्य शिक्षा अनुरुप आचरण गरी जन हीत र सुखको कामना गरी मिति २०५१ फागुण ६ गते स्थापित धाख्वा स्मृति कोषलाई यसपालि देखि धर्म बहादुर धाख्वा कल्याण कोष भनी नयाँ नामाकरण गरिएको छ। यसपाली पुरस्कार प्राप्त गर्नु हुने बौद्ध विद्वानहरू यसरी हुनुहुन्छ।

१. स्व. धर्मादित्य धर्माचार्य
२. भिक्षु सुमंगल महास्थविर
३. श्री रमानन्द सिंह (भु.पु. महान्यायाधिवक्ता)
४. श्री क्या. रणबहादुर गुरुङ्ग

यसपालि मिति २०५५ फागुण २२ गते कृष्ण गल्ली पाटन ढोकामा पुरस्कार वितरण गरिएको थियो।

धर्म बहादुर धाख्वा द्वारा स्थापित यस धर्म बहादुर धाख्वा कल्याण कोष सुचारुरुपले संचालन गर्नका लागि उहाँले रू. १०,००,०००/- (दश लाख) को अक्षय कोष खडा गर्नु भएको थियो। यस कल्याण कोष समितिका कार्यकारिणी सदस्यहरू यसरी उल्लेख गरिएको छ –

| | |
|---|---|
| धर्म बहादुर धाख्वा | *संस्थापक र संरक्षक* |
| देव रत्न धाख्वा | *अध्यक्ष* |
| उत्तम रत्न धाख्वा | *उपाध्यक्ष* |
| विकास रत्न धाख्वा | *सचिव* |
| डा. रञ्जना बज्राचार्य | *उप सचिव* |
| सुवर्ण धाख्वा | *कोषाध्यक्ष* |
| तोय बहादुर धाख्वा | *सदस्य* |
| दया रत्न धाख्वा | *सदस्य* |
| पद्म रत्न धाख्वा | *सदस्य* |
| विनय रत्न धाख्वा | *सदस्य* |
| अमीता धाख्वा | *सदस्य* |
| मीरा शाक्य | *सदस्य* |

## २५४३ औं बुद्ध पूर्णिमाको उपलक्षमा धर्मप्रचारार्थ भिक्षुहरू को को कहाँ जानु भयो ?

| | | |
|---|---|---|
| १. | भिक्षु प्रज्ञामूर्ति | बेनी |
| २. | भिक्षु कोण्डञ्ञ | विराटनगर र धरान |
| ३. | भिक्षु धर्म सागर | धरान |
| ४. | श्रामणेर संघ रक्षित | चैनपुर |
| ५. | भिक्षु अश्वघोष | बनेपा |
| ६. | खेमावती र केशावती गुरुमां | नवलपरासी |
| ७. | भिक्षु विशुद्धानन्द | हाडीगाउँ |
| ८. | श्रद्धावती र खमेसी गुरुमाँ | नारायणगढ |

## नेत्रदान

२०५६ बैशाख ११ गते, बुद्धवारी। महिला बौद्ध संघ बुद्धबारीको आयोजनामा २५४३ औं बुद्ध पूर्णिमाको उपलक्षमा नेत्रदान शिविर संचालन गरिएको थियो। उक्त दिन बुद्ध प्रतिमा सजाई थुप्रै नगरनारीहरूले नगर परिक्रमा पनि गरिएको थियो। नगर परिक्रमा पश्चात् शील प्रार्थना र बुद्ध पूजा गरिएको उक्त कार्यक्रममा भिक्षु भद्दियबाट धर्मदेशना गर्नुभएको थियो।

## बनेपामा २५४३ औं बुद्ध पूर्णिमा महोत्सव

काभ्रे, बनेमा, २०५६ बैशाख १७ गते। २५४३ औं बुद्ध पूर्णिमाको उपलक्षमा, बुद्ध जयन्ति समारोह


Downloaded from http://www.dhamma.digital

समितिको आयोजनामा बनेपाको सुदर्शन विहार कोबहालबाट गौतम बुद्धको प्रतिमा रथमा सजाई बाजा गाजा सहित भिक्षुगण र उपासक उपासिकाहरूको एक जुलुसले बनेपा बजार परिक्रमा गरी ध्यानकुटी बिहारमा पुगी बौद्ध सभामा परिणत भएको थियो ।

शील प्रार्थना पछि शुरु गरिएको उक्त कार्यक्रममा धर्मानुसासक भिक्षु बोधिसेन स्थविर ज्यूबाट बुद्ध पूजा सुरु गरी पुण्यानुमोदन गर्नु भएको थियो ।

कार्यक्रम समितिका सचिव धर्मलाल मानन्धरले २५४३ औं बुद्ध पूर्णिमा महोत्सवको उपलक्षमा प्रतिवेदन पेश गर्नु भएको थियो । उहाँले वनेपा नगरपालिकाको सहयोग रू. ५७०००/- स्थानिय श्रोत रू. ४५०००/- गरी जम्मा १,२०,०००/- (एक लाख बीस हजार) को अक्षयकोष स्थापना गरेको र यस समारोहको लागि बिभिन्न संघ संस्थाहरूबाट प्राप्त सहयोग रू. १४,४२५/- र खर्च रू. ८३०३/- भएको पनि जानकारी गराउनु भएको थियो उहाँले बनेपामा बुद्ध पूर्णिमा महोत्सव वि.सं. २०१३ साल देखि सञ्चालन गरिएको पनि जानकारी दिनुभयो ।

भिक्षु अश्वघोषबाट धर्मदेशना गर्नु भएको उक्त कार्यक्रममा समितिका अध्यक्ष बिष्णु प्रसाद मानन्धरले धन्यवाद ज्ञापन गर्नु भएको थियो भने हरि शंकर मानन्धरले कार्यक्रम संचालन गर्नुभएको थियो ।

कार्यक्रममा ध्यानकुटी बिहारका उपासक उपासिकाहरूको तर्फबाट जलपानको आयोजना गरिएको थियो ।

अपरान्ह ध्यानकुटी बिहारको तर्फबाट स्थानिय अस्पतालमा उपचार गरिरहेका बिमारीहरूलाई फलफुल र बिस्कुट बितरण गरी स्वास्थ्य लाभको कामना गरिएको थियो ।

### बेनीमा नयाँ चैत्य उद्घाटन

२५४३ औं बुद्ध पूर्णिमाको उपलक्षमा बेनीमा नयाँ चैत्य उद्घाटन गरिएको समाचार छ । बुद्ध पूजा पछि भिक्षु प्रज्ञामूर्तिद्वारा चैत्य उद्घाटन गरी प्रवचन कार्यक्रम पनि सम्पन्न गरिएको थियो ।

### पुरस्कार वितरण

२०५६ बैशाख ११ गते । बुद्ध विहार भृकुटी मण्डप । २५४३ औं बुद्ध पूर्णिमाको उपलक्षमा बौद्ध महिला संघ नेपालको तत्त्वावधानमा बौद्ध परियत्ति कक्षामा उत्तिर्ण भएका विद्यार्थीहरूलाई पुरस्कार वितरण कार्यक्रम सम्पन्न गरिएको समाचार छ । काठमाडौं महानगरपालिकाको नगर प्रमुख श्री केशव स्थापित ज्यूको प्रमुख आतिथ्यमा र भिक्षु ञाण पूर्णिक महास्थविरज्यूको सभापतित्त्वमा सुसम्पन्न भएको उक्त कार्यक्रम पञ्चशील प्रार्थना गरी शुरु गरिएको थियो । स्वागत भाषण पछि विद्यार्थीहरूलाई पुरस्कार वितरण गरी प्रमाण पत्र, प्रशंसा पत्र र सम्मानपत्र आदि वितरण गरिएको थियो ।

### नेपाली गुरुमांलाई म्यानमारको उपाधि

नेपाली गुरुमां अग्गञाणीले म्यानमारबाट शासनध्वज धर्माचार्य उपाधि प्राप्त गर्नु भएको उपलक्षमा उहाँलाइ अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रको आयोजनामा आयोजित एक समारोहमा धन्यवाद ज्ञापन गरिएको समाचार छ ।

ने.सं. १०८९ मा पाटन स्थित नागवहालमा जन्मनु भएकी अग्गञाणी गुरुमांले म्यानमारको पण्डितारामका ओवादाचरिय सयादो उ पण्डिताभिवंश महास्थविरको व्यवस्थापनमा सन् १९८८ देखि अध्ययन गरी १० वर्ष पछि हाल शासन धज धर्माचार्य उपाधी प्राप्त गर्न सफल हुनुभएको थियो ।

यसरी म्यानमारबाट यस उपाधी हासिल गर्ने व्यक्तिहरूमध्ये उहाँ तेश्रो व्यक्ति हुनुहुन्छ । यसभन्दा अगाडि भिक्षु ञाणपुर्णिक महास्थविर र भिक्षुणी धम्मवतीले यस उपाधी प्राप्त गरिसक्नु भएको थियो ।

सयादो उ आसभाचारबाट धर्मदेशना गर्नु भएको उक्त कार्यक्रममा हेमवहादुर शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

### बौद्ध हाजिरी जवाफ प्रतियोगिता

ललितपुर जिल्लाको ५ वटा विहारहरू (जितापुर गन्धकुटी विहार खोना, अमरापुर बुद्ध विहार बुंगमती, बौद्ध जन विहार सुनागुठी, वेलुवनाराम विहार ठेचो र ज्योति विहार चापागाउँ) का विच सम्पन्न बौद्ध हाजिरी जवाफ प्रतियोगितामा विजयी भएका समूहलाई २०५६ बैशाख ११ गते पुरस्कार वितरण गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

यस प्रतियोगिता वेलुवनाराम विहार ठेचोको आयोजनामा सम्पन्न भएको थियो । प्रतियोगितामा वेलुवनाराम विहार ठेचोका समूह क प्रथम भएका थिए। त्यस्तै ज्योति विहार चापागाउँ समूह 'क' र 'ख' दोश्रो र तेश्रो भएका थिए। यस प्रतियोगिता संचालन गर्न भिक्षु बोधिज्ञान, भिक्षु निग्रोध, ञाणवती गुरुमां, शाक्य सुरेन, अमीता धाख्वा र शुक्रराज शाक्य आदि व्यक्तिहरू निर्णायक मण्डलमा रही सहयोग गर्नुभएको थियो।

प्रतियोगितामा विजयी समूहलाई ञाणवती गुरुमांले पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नु भएको थियो।

## चितवनमा बुद्ध पूर्णिमा महोत्सव

चित्रवन विहार संघ नारायण गढको आयोजनामा २५४३ औं बुद्ध पूर्णिमा बुद्ध मूर्ति सहितको नगर परिक्रमा गरी भव्य रुपमा मनाइयो। सो अवसरमा बिहान बुद्ध पूजा, शील प्रार्थना एवं श्रद्धावती गुरुमांबाट धर्मदेशना गरिएको थियो । चित्रवन विहार संघ संचालनार्थ अक्षयकोष स्तम्भको गुरुमांहरू श्रद्धावती, खेमेशी र विशुद्धाञाणीबाट परित्राण पाठ गरी शुभारम्भ गरिएको थियो। रू. १०००/- भन्दा बढि चन्दा दिने दाताहरूको नाम शीलास्तम्भमा लेखिने पनि उल्लेख गरिएको थियो।

## हाँडिगाउँमा बुद्ध पूर्णिमा महोत्सव

२५४३ औं बुद्ध जयन्ती समारोह समिति हाडिगाउँको संयोजकत्वमा विभिन्न कार्यक्रमहरू संचालन गरी २५४३ औं बुद्ध पूर्णिमा महोत्सव सम्पन्न गरिएको समाचार प्राप्त भएको छ।

बैशाख ९-१५ सम्म हाडिगाउँको द्यो छ्यैं चोकमा भिक्षु तथा गुरुमांहरूको तर्फबाट धर्म देशना तथा कथा श्रवण । धर्मदेशना गर्ने व्यक्तिहरूको नामावली यस प्रकार उल्लेखित छन्-

१. भिक्षु तपस्वी २. भिक्षु भद्दिय ३. चेमेली गुरुमां ४. चित्तावती ५. अनुपमा गुरुमां ६. भिक्षु सुख ७. धम्मवती गुरुमां आदि।

बैशाख १६ गते बिहान ८ बजे स्थानिय भिमसेन स्थान देखि सरस्वती मन्दिर अगाडिको डवली सम्म भिक्षु र भिक्षुणीहरू समेत गरी जम्मा २४ जवान व्यक्तिहरूबाट भिक्षाटन कार्यक्रम सम्पन्न गरिएको थियो। समारोहका अध्यक्ष सूर्यलाल प्रजापतिबाट भिक्षा दान सुरु गरी पदाधिकारी, धेरै टाढाका जनसमुदायहरू तथा स्थानिय वासिन्दाहरूबाट आ-आफ्नो इच्छा र गच्छे अनुसार दान दिइएको थियो।

भिक्षाटन कार्यक्रममा सहभागी हुनु भएका भिक्षु तथा गुरुमांहरूको नामावली यस प्रकार उल्लेख गरिएको छ।

भिक्षुहरू :-

१. अश्वघोष २. थानसेटठो ३. विशुद्धानन्द ४. भद्दिय ५. कोण्डञ्ञ ६. मिलिन्द ७. सुख ८. अस्सजि

गुरुमांहरू :-

१. रत्नमञ्जरी २. धम्मवती ३. ञाणशीला ४. सत्यशीला ५. चमेली ६. अनुपमा ७. संघवती ८. शीलवती ९. जीनवती १०. कुशुम ११. धर्मरक्षिता १२. चित्तावती १३. बीर्यवती १४. सत्यवती १५. ध्यानवती १६. सुचिवती १७. हेमावती

सोहिदिन बेलुका हाडिगाउँ द्यो छ्यैं चोकमा पाँगाको सुकुराम महर्जनबाट तयार गरिएको राजकुमार सिद्धार्थको सर्वार्थ सिद्ध राजकुमार नामको गिती नाट्य भिडियो क्यासेटबाट देखाउने कार्य सम्पन्न गरियो।

बैशाख १७ गते बुद्ध पूजा, बुद्ध मूर्ति रथमा राखी विभिन्न बाजा गाजा सहित रथयात्रा गरी ठूलो जनसमूहले नगर परिक्रमा गरिएको थियो । यही जनसमूह नगर परिक्रमा पछि बुद्ध सभामा परिणत भएको थियो।

उक्त सभामा मुख्य अतिथी माननीय मन्त्रीज्यू रमेशनाथ पाण्डेबाट बौद्ध परियत्ति शिक्षा ०५२ साल देखि अध्ययन गरी उत्तिर्ण भएका कक्षा १-४ सम्मका विद्यार्थीहरूलाई प्रमाणपत्र वितरण भएको थियो।

स्मरणीय छ, विगत २०५२ साल देखि प्रत्येक शनिवार धर्मकीर्ति, विहारका गुरुमांहरू पालै पालो आई हाडिगाउँ स्थिति ५ वडाका युवा युवती र वाल वालिकाहरूलाई बौद्ध परियत्ति शिक्षा पठाउन भई सेवा प्रदान गर्नु भएका थिए।

## बिजुली बजारमा बुद्ध पूर्णिमा महोत्सव

पूर्व ४ नं भोजपुर तक्सारबाट काठमाडौं आई स्थाई वा अस्थाई रुपमा बस्दै आइरहेका ४० परिवार बौद्धहरू मिलेर २०५३ सालमा "भोजपुर तक्सार बौद्ध संस्कार गुठी" स्थापना गरिएको हो। जन्म देखि मृत्यु



Downloaded from http://www.dhamma.digital

पर्यन्त गरिने संस्कारहरू बौद्ध परम्परा अनुसार सम्पन्न गर्ने उद्देश्य राखी स्थापना गरिएको यस संस्थाको आयोजनामा संस्थाकै उपाध्यक्ष हीरालाल शाक्यको बिजुली बजार स्थित निवासमा २५४३ औं बुद्ध पूर्णिमा महोत्सव मनाइएको समाचार छ ।

बुद्ध पूजा परित्राण पाठ र जगतबहादुर शाक्यको नेतृत्त्वमा बौद्ध भजनहरू प्रस्तुत गरी सम्पन्न गरिएको उक्त कार्यक्रममा सत्त्व प्राणीहरूको सुख, शान्ति र समृद्धिको कामना गरियो । संस्थाका सचिव भीम शाक्यद्वारा संचालित प्रवचन कार्यक्रममा प्रदीप शाक्य, कृष्णमान शाक्य, लक्ष्मण शाक्य (डबली) र खड्ग रत्न शाक्य आदिले बुद्ध पूर्णिमा महोत्सव मनाउनुको महत्त्व र बुद्ध शिक्षालाई सबैले व्यवहारमा प्रयोग गर्नु पर्ने बारे आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभयो ।

२५४३ औं बुद्ध पूर्णिमाको उपलक्षमा संस्थाका सदस्य र परिवारका सदस्यहरू गरी जम्मा ३४ जवान व्यक्तिहरूले मरणोपरान्त नेत्रदान गर्ने इच्छापत्र भरी संस्था मार्फत तिलगंगा आँखा अस्पतालमा दिने घोषणा गरिएको थियो ।

## बुद्ध पूर्णिमा महोत्सव

स्थान: लोककीर्ति महाविहार, नकबहिल, ललितपुर ।

२५४३ औं बुद्ध पूर्णिमाको उपलक्षमा बुद्ध जयन्ती समारोह समिति लोक कीर्ति विहारको आयोजनामा २०५६ बैशाख १७ गते प्रभात फेरि गरिएको थियो । सोही दिन श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर समक्ष शील प्रार्थना गरी बुद्ध पूजा, धर्म देशना र भोजन दान गरिएको थियो भने दिउँसो १२ बजे बिभिन्न बाजा गाजा सहित नगर परिक्रमा गरिएको थियो ।

स्मरणीय छ, २५४३ औं बुद्ध पूर्णिमा समारोह समिति मयूर वर्ण महाबिहारले २५४३ औं बुद्ध पूर्णिमा महोत्सव मनाउने कार्यभारको जिम्मा लोककीर्ति महाविहारलाई सुम्पिको थियो सोही कार्यक्रम अनुसार २०५५ जेठ पूर्णिमा देखि प्रत्येक महिनाको पूर्णिमाको दिन भिक्षु र भिक्षुणीहरूको तर्फबाट धर्म देशना गराइएको थियो ।

हरेक महिनाको पूर्णिमाको दिन धर्मदेशना गर्नुहुने भिक्षु भिक्षुणीहरूको नामावली यस प्रकार रहेको छ ।

| | |
|---|---|
| २०५५ जेष्ठ पूर्णिमा | भिक्षु बुद्धघोष, भिक्षु सुदर्शन |
| २०५५ असार पूर्णिमा | श्रामणेर सुशोभन |
| २०५५ श्रावण पूर्णिमा | भिक्षु सुमेघ |
| २०५५ भाद्र पूर्णिमा | भिक्षुणी धम्मवती |
| २०५५ आश्विन पूर्णिमा | भिक्षुणी धम्मवती |
| २०५५ कार्तिक पूर्णिमा | भिक्षुणी कुशुम |
| २०५५ मंसिर पूर्णिमा | भिक्षु नराधिप |
| २०५५ पौष पूर्णिमा | भिक्षुणी ञाणवती |
| २०५५ माघ पूर्णिमा | भिक्षु सुनन्द |
| २०५५ फागुण पूर्णिमा | भिक्षुणी वीर्यवती |
| २०५५ चैत्र पूर्णिमा | भिक्षु अश्वघोष |

कार्यक्रम : समापन समारोहमा २५४४ औं बुद्ध पूर्णिमा महोत्सव मनाउने कार्यभारको जिम्मा सुनागुठी जनबिहारलाई सुम्पिएको थियो ।

## नगदेश, भक्तपुरमा बुद्ध पूर्णिमा महोत्सव

२०५६ बैशाख १७, शुक्रबार, बुद्ध पूर्णिमाको दिनमा नगदेश बौद्ध समूह र धर्मोदय सभा, मध्यपुर-थिमि नगर शाखाको संयुक्त आयोजनामा "बैशाख पूर्णिमा" को दिनमा नगदेश बुद्ध विहारमा बुद्ध पूजा गरी तथागत गौतम बुद्धको प्रतिभा खटमा राखी, धिमेबाजा, ज्ञानमाला भजन खल: नगदेशका साथै सयौं उपासक उपासिकाहरू र विद्यार्थीहरू सहीत नगदेश परीक्रमा गरी २५४३ औं बुद्ध पूर्णिमा मनाउने कार्य सम्पन्न भयो । भोलीपल्ट बैशाख १८, शनिबारकादिन यसै विहारमा बस्नु भएका श्रद्धेय श्रामणेर शील रत्नज्यूको पुण्य स्मृतिमा बुद्धपूजा गरी भिक्षु भिक्षुणी संघलाई भोजन प्रदान गर्ने कार्य सम्पन्न भयो । वहाँ गत २०५५ चैत्र १७ गते बुद्धबार चैत्र पूर्णिमा (ल्हुति पुन्हि) को दिनमा यस भौतिक संसारबाट सदा सदाको निम्ति बिदा हुनु भएको थियो ।

## बुद्ध पूर्णिमा महोत्सव

**विराटनगर**

नेपालको दोश्रो शहर विराटनगरमा २५४३ औं बुद्ध पूर्णिमा महोत्सव बिराट बौद्ध संघ र उपासिका संघ परिवारको संयुक्त आयोजनामा हर्षोल्लासकासाथ मनाइएको समाचार प्राप्त भएको छ । बुद्ध पूर्णिमाको उपलक्षमा यस संघद्वारा बौद्ध हाजिरी जवाफ प्रतियोगिता तथा बौद्ध चित्रकला प्रतियोगिता (२०५६ साल बैशाख


Downloaded from http://www.dhamma.digital

१६ गते अन्तर मा.वि. स्तरमा) सम्पन्न गरिएको थियो। जस मध्ये निम्न विद्यालयले क्रमशः प्रथम दोश्रो र तेश्रो स्थान प्राप्त गरेका थिए।

***बौद्ध हाजिरी जवाफ प्रतियोगिता***

१. श्री गौतम बुद्ध मे.से. वो स्कूल २. श्री जानकी इ. वो स्कूल ३. श्री बिरात से. ई. बो स्कूल

***बौद्ध चित्रकला प्रतियोगिता***

१. श्री विराट से. वो. स्कूल २. श्री B.K.B.M. से वो स्कूल ३. श्री जानकी ई. बी स्कूल

उक्त बौद्ध हाजिरी जवाफ प्रतियोगिताको संचालकमा श्री सन्देश दास श्रेष्ठ र प्रश्नोत्तर संकलनमा सुश्री सोनिला शाक्य, कार्यक्रम अवधिभर विशेष सहयोगी श्री महेश ताम्राकार र सुजन प्रधान तथा प्रमुख अतिथीमा श्री लालधन शाक्य हुनुहुन्थ्यो। विजयी विद्यालयहरूलाई श्रद्धेय भिक्षु कोण्डञ्ञद्वारा पुरस्कार वितरण गरियो। अन्त्यमा संघका अध्यक्ष श्री मोहन कृष्ण ताम्राकारद्वारा धन्यवाद ज्ञापन गरिएको थियो।

**बुद्ध पूर्णिमा महोत्सव**

२०५५ वैशाख १७ गते। स्थान : नवलपरासी। नवलपसारी जिल्लाका स्थानिय वासिन्दाहरूको आर्थिक सहयोग र राष्ट्रपाल शाक्यको आयोजनामा नवलपर ासीमा बुद्धपूजा गरी २५४३ औं बुद्ध पूर्णिमा महोत्सव मनाइएको थियो।

यसरी नै रामग्राममा पनि शील प्रार्थना, परित्राण पाठ र जनसमूहबाट नगर परिक्रमा गरिएको थियो। नगर परिक्रमा पश्चात् खेमावती गुरुमांले धर्मदेशना गर्नुभएको थियो।

सोही दिन बेलुकी स्थानिय गाउँमा पनि बुद्धपूजा गरी खेमावती गुरुमांबाट धर्मदेशना गरिएको थियो। उक्त समारोहमा राष्ट्रपाल र स्थानिय वासिन्दा मदनदाश आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए।

स्मरणीय छ, यसपाली नवलपसारी जिल्लामा २५४३ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा धर्मकीर्ति विहार काठमाडौंबाट केशावती गुरुमां र खेमावती गुरुमां धर्म प्रचारार्थ जानुभएका थिए।

**बैशाख पून्ही महोत्सव**

२०५६ बैशाख १७ गते। सिद्धिपुर थसी। थसी वडा नं ६ पीन्ननी टोल बज्रयानयां नायो आशाकाजी शाक्यया संयोजकत्त्वे शाक्य मुनी भगवानया प्रतिमा खटे बिज्याकाः शहर परिक्रमा यानाः २५४३ सौं बैशाख पुन्ही भ्रूभः धायक हंगु समाचार प्राप्त जूगु दु। सिद्धि मंगल बुद्ध विहारया ज्ञानमाला भजन खलःया उपासक उपासिका व सकल जनतापिं मुनाः धाः बाजं, धिमे बाजं थजानाः शहर परिक्रमा यानाः न्यायकूगु थुगु महोत्सवय् सिद्धी मंगल बुद्ध विहारया अध्यक्ष बुद्धि बहादुर महर्जन व थसीया बुद्धीजीविपिं नं उपस्थित जूगु खः।

**बुद्ध जयन्तीया लसताय् ९९ म्हेसिया मिखादन**

ख्वप मैत्रीय युवा संघ ख्वपया ग्वसालय् २५४३ क्वःगु स्वाँया पुन्हीया लसताय् जूगु मिखादान ज्याझ्वलय् थःपिनि मिखादानया कबुल यानादीपिंत आः नकतिनि जूगु छगू समारोहया दथुइ सुभाय् पौ लःल्हायेज्या जुल।

डा. योगेन्द्र सभापतित्वे जूगु उगु समारोह शिल प्रार्थना यासें भिक्षु अश्वघोष महास्थविरं त्वाःदेवाय् मत च्याकाः उलेज्या यानाबिज्याःगु खः। संघया अध्यक्ष तीर्थराज बज्राचार्य लसकुस यानादीगु समारोहय् प्रा. सुवर्ण शाक्य, शंखनारायण त्वाय्ना, सुगत शाक्य लगायतया वक्तातयसं न्ववानादीगु खः। मिखादान ज्याझ्वलय् ९९ म्ह मनुखं मिखा दान यानादीगु खः।

**"प्रमादी भै व्यभिचार गर्ने व्यक्तिलाई अपुण्यलाभ, सुखनीद नहुनु, निन्दा र नरक वास यत्ति चार गति हुन्छ। अपुण्य लाभले गर्दा भविष्यमा दुर्गति प्राप्तिहुन्छ, भयभीत हुन परेर रति सुख अल्प (थोरै) हुन्छ। ठूल्लो दण्ड आई पर्छ त्यसकारण मानिसले परस्त्री गमन नगर्नु।"**

***- धम्मपद***

**"कुश समात्दा राम्ररी नसमात्नेलाई हातमा घाउ हुन्छ। श्रमण धर्म (सन्यास) राम्ररी पालन गरेन भने नरक जानुपर्छ।"**

***- धम्मपद***




Downloaded from http://www.dhamma.digital

# सुमंगल विहारमा श्रामणेर प्रव्रज्या

२०५५ चैत्र १७ गते । स्थानः सुमंगल विहार, ललितपुर ।

भिक्षु बुद्धघोष महास्थविरको उपाध्यायत्वमा श्रमण शाक्यको अस्थाई श्रामणेर प्रव्रज्या सुसम्पन्न भएको समाचार छ ।



श्रामणेर सुमन नामाकरण गरिएको श्रमण शाक्यको जन्म मिति २०४६ साल जेष्ठ ५ थियो । हाल उनी मन्टेश्वरी हाउसमा कक्षा ५ मा अध्ययनरत छ । उनी ७ महिनाको गर्भमा रहँदा उनको आमाले १० दिने विपश्यना शिविरमा भाग लिएकी थिइन् । त्यस्तै श्रमण शाक्यले मिति २०५५ साल चौथ महिनामा पहिलो बाल शिविरमा भाग लिएको थियो भने गत चैत्र महिनामा सम्पन्न धर्मश्रृङ्ग, बुढानिलकण्ठ स्थित बाल शिवर उनको दोश्रो शिविर थियो ।

प्रव्रज्या समारोहको निमित्त सुमंगल बौद्ध संघका सदस्यहरू लगायत कोषाध्यक्ष नातीकाजी शाक्यले विशेष सहयोग गर्नुभएको थियो । त्यस्तै काजीरत्न शाक्य तथा चम्पा शाक्यले उक्त प्रव्रज्या कार्यक्रम सफल पार्न ठूलो सहयोग पुऱ्याउनु भएको थियो ।



Downloaded from http://www.dhamma.digital

छलफल

# आत्मा संयमी बनौं !

✍ मेघदूत

आजभोलीको मौसम अनियमित भइरहे जस्तै हाम्रो यो छलफल कार्यक्रम पनि अनियमित भइरहेको छ । पहिला अरु संघ संस्थाको कार्यक्रम भन्दा यस छलफल कार्यक्रममा निरन्तरता आइरहेको छ भनेर चर्चा भइरहेको थियो । तर यसले पनि शिथिल स्वभाव देखाउँदै हाल बिस्तारै खुकुलो भएर गएको देखियो । एकजना सदस्यले गुनासो पोख्दै भन्न थाले ।

आयोजकको तर्फबाट बोल्दै एकजनाले भन्यो - यसबारे हामी लाचार छौं । किनभने कुरा गर्न र कार्यक्रम बनाउन भने सजिलो छ । तर यसलाई कार्यान्वयन गर्न चाहिं गाऱ्हो हुँदो रहेछ । गुनासो पोख्नु भएकोमा धन्यवाद छ । लौ त अब छलफल शुरु गरौं ।

एकजनाले सोध्न थाल्यो - "मलाई एउटा कुरो खट्किएको छ, पञ्चशील प्रार्थना गर्ने तरिका पनि ठाउँ अनुसार फरक फरक हुँदो रहेछ कि क्या हो ? किनभने अस्ति पाटनको जावलखेल स्थित महापरित्राण भएको ठाउँमा पञ्चशील प्रार्थना गराउँदा "ओकास द्वारत्तयेन कत्तं सब्बं अपराधं ... आदि' ३ पटक, फेरि "अहं भन्ते तिशरणेन ... आदि" ३ पटक प्रार्थना गरे । फेरि बीचमा "त्रिशरणा गमन सम्पुर्ण" भनी भिक्षुले भन्नुहुँदा प्रार्थना गर्नेहरूले पनि त्यस्तै भन्दो रहेछ । अनि मात्र "नमो तस्स" देखि प्रार्थना गरियो । तर अरू ठाउँमा मैले सुने अनुसार पञ्चशील प्रार्थना गर्न अगाडि "नमो तस्स" पहिला पढ्न लगाउँछ र माथि उल्लेखित अन्य विवरणहरू पढ्न पर्दैन । त्यसैले यस विषयमा हामीले बुझ्न सकेनौं । यसबारे स्पष्ट पार्नुभए बेश हुने थियो ।

उत्तर आयो- बौद्ध परियत्ति शिक्षाको पाठ्यक्रममा उल्लेख भए अनुसार र भिक्षुहरूको परम्परा अनुसार शील प्रार्थना गर्ने व्यक्तिले शील प्रार्थना गर्न अगाडि, शरीर, वचन र मन द्वारा केही अपराध गरिएको छ भने क्षमा प्रार्थना गर्छु भनी तीन पटक क्षमा मागने चलन छ । त्यसपछि भिक्षुले क्षमा र आशिर्बाद दिएपछि मात्र त्रिरत्न शरण सहित पञ्चशील शिक्षा दिनुहोस् भनी प्रार्थना गर्ने गर्छन् । अनिमात्र "नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स" भनी बुद्धलाई नमस्कार गर्ने गरिन्छ । त्यसपछि मात्र त्रिरत्न शरण जाने कुरो आउँछ । अनि फेरि पञ्चशील शिक्षा प्रार्थना गरिन्छ । पाणातिपाता वेरमणी सिक्खापदं समादियामी ... आदि) । त्यसैले यो पञ्चशील लिने तरिकामा फरक पारेको होइन विधि पुऱ्याइएको मात्र हो ।

प्रश्न कर्ताले भन्नथाल्यो-यो बिधि त निक्कै लामो रहेछ । लामो बिधि त्यति ब्यवहारिक हुन सक्दैन । त्यसैले यस प्रकारको बिधिलाई सार्वजनिक समारोहहरूमा प्रयोग गरिराख्नुभन्दा पनि समयको ख्याल राखी छोटकरी (नमो तस्स भगवतो अरहतो ...) बाट मात्र शील प्रार्थना गराउनु राम्रो हुने देखिन्छ । अझ मेरो विचारमा त सार्वजनिक स्थलहरूमा पञ्चशील प्रार्थना गराइराख्दा अलि अप्ठ्यारो महशूस हुने गर्छ । किनभने कसै कसैले त पाँचवटा शीलहरू मध्ये सबभन्दा अन्तिम शील (आफुलाई बेहोश पार्ने मद्यपान, लागु पदार्थहरू सेवन नगर्ने) र चौथो शील (झुठाकुराहरू नबोल्ने) लाई प्रार्थना नै गर्दैनन् । यति मात्र होइन कसैले पञ्चशील प्रार्थना गराउँदा अलि अप्ठयारो मान्ने गर्दा रहेछन् । बौद्ध होइन्छ कि भन्ने डरले हो कि ? तर वास्तवमा पञ्चशीलले बौद्ध बनाइदिने होइन । यसलाई जसले पालन गर्छ, उसलाई यसले मानविय गुण भरिदिन्छ । अझ मन्त्रीज्यू पाल्नु भएको सभामा कुनै कुनै मन्त्रीज्यूलाई त झन अप्ठयारो पारिदिने गर्छ । किनभने शील प्रार्थना गर्दा सबैले हात जोड्ने (नमस्कार) गरिन्छ । त्यत्रो सभामा हात जोडुँ कि नजोडुं हुने होला कसै कसैलाई । तर जे होस्, पञ्चशील भनेको त प्रार्थना मात्र गर्नुमा भन्दा पनि पालन गर्नमा जोड

Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१

दिनुपर्ने विषय भएकोले यसको अर्थ र महत्त्वलाई जनमानुसमा प्रकाश पारिदिनमा जोड दिनु पर्ने देखिन्छ। प्रार्थना मात्र गरेर यसलाई पालना गरिएन भने यसको कुनै महत्त्व रहँदैन । बरू अमूल्य समय मात्र खेर जाने देखिन्छ ।

उत्तर आयो- तपाईंको यस अमूल्य सुझावलाई त भिक्षु संघमा राख्नु पर्ने देखिन्छ । किनभने यस प्रश्नको उत्तर हामीले दिइराख्न मिल्दैन । यो त भिक्षुहरूको अधिकारको कुरो हो । त्यसो भए प्रसंग बदलौं । एकजना सदस्यले सोध्न थाल्यो- "धेरै दिन पछि केही मात्रामा पानी पर्न थालेको छ । कसैले यसलाई पशुपति क्षेत्रमा सोम महायज्ञ होम गरेको फल हो भन्ने गरेको सुनिन्छ । के यो साँच्चै होला र ?

उत्तर- खै, यस्तो कुराको तर्क वितर्कमा नलागौं । किनभने बज्राचार्यहरूले पनि प्रज्ञापारमिता पाठ गरेकोले पानी परेको भन्छन् भने कसैले भिक्षुहरूले परित्राण पाठ गरेकोले पानी परेको भन्छन् । अस्ति महापरित्राणमा एकजना भिक्षुले भनेका थिए श्रीलंकामा अनिकाल पर्दा परित्राण पाठ गरेपछि पानी परेको थियो रे । यसरी यो त आ-आफ्नो दृष्टिकोण र विचार धारामा भर पर्ने कुरो हो । यसलाई कसैले मिथ्यादृष्टि विचारधारा भन्ने गरेका छन् । नेवारीमा एउटा उखान नै छ "को जूगु व सिमा कोदःगु पाःलागु" । अर्थात् काग बसेको र संयोगले रुख ढलेको । यसरी संयोगको कुरो पनि हुन सक्छ । यस्तो कुरोमा भित्री हृदयदेखि विश्वास गरिराख्न हुँदैन । हाम्रो बुद्धि भन्दा माथिको कुरोलाई लिएर बढि समय खेर नफालौं ।

एकजना सदस्यले प्रश्न उठाए- बुद्ध पूर्णिमाको उपलक्षमा धर्मोदय सभाको आयोजनामा "बुद्ध धर्म र अरु धर्मको तुलनात्मक अध्ययन "विषयक अन्तरक्रिया कार्यक्रम सम्पनन भएको थियो । सो कार्यक्रमका वक्ताहरू मध्ये एक वक्ता भुवनलालज्यूले भन्नुभयो "बुद्ध शिक्षा स्वतन्त्र चिन्तनमा आधारित छ, यसले आफ्नो मालिक आफै हो भन्ने शिक्षा सिकाउँछ, बुद्धले भनेको भन्दैमा त्यसलाई स्वीकार गर्नेपर्छ भन्ने केही छैन, त्यसलाई आफ्नो मनले सही ठहराएमामात्र बिश्वास गर्नु भन्ने कुरो सिकाउँछ ।" तर अरु धर्ममा यी विशेषताहरू देखिंदैनन् । यसरी यी अमूल्य विशेषता भएको हुँदा बुद्ध शिक्षाको महत्त्व बढि झल्किएको छ ।

त्यसपछि अर्का बौद्ध विद्वान धर्म रत्न शाक्यले बुद्ध शिक्षाको ब्याख्या गर्ने क्रममा ब्रह्मलोक र त्यहाँका ब्रह्माहरूको आयु परिमाण (एक हजार बर्ष आयु रहेको) बिषयमा ब्याख्या गर्नुभयो ।

त्यसरी नै भिक्षु ज्ञानपूर्णिक महास्थविरले स्वर्ग र नर्कको कुरो उठाउनु भयो । यही सिलसिलामा उहाँले एउटा राम्रो कुरो पनि उठाउनु भएको थियो, त्यो हो - "बुद्धले साम्प्रदायिक धर्म प्रचार गर्नु भएको छैन ।"

यसरी विभिन्न वक्ताहरूको तर्फबाट बुद्ध शिक्षाको परिचय पाएपछि हामी श्रोतावर्गहरूमा बुद्ध शिक्षाबारे भ्रम भएको छ । किनभने भुवनलाल प्रधानको भनाई अनुसार बुद्ध शिक्षामा अन्धविश्वासलाई स्थान दिइएको छैन । तर अरु वक्ताहरूको बिचारधारालाई अध्ययन गर्दा बुद्ध शिक्षाले अन्धविश्वास धारणालाई समेटेको देखियो । यसबारे पनि प्रष्ट पारिदिनु भए राम्रो हुने थियो ।

उत्तर आयो - बुद्ध शिक्षाले कहिल्यै पनि अन्धविश्वासी विधारधारालाई मान्यता दिएको हुदैंन । यो त स्वतन्त्र चिन्तन गर्न सिकाउने शिक्षा हो । यसले कसैलाई आफ्नो कुरा सुनाउन दवाव दिंदैन । आफ्नो स्वतन्त्र चिन्तनले अभ्यास गरेर हेरेपछि चित्त बुझेमा मात्र यस शिक्षालाई प्रयोग गर्न सकिन्छ । त्यसकारण यी विभिन्न मत मतान्तरलाई आफ्नै बुद्धीले चिन्तन मनन गरी छानेर कसको भनाई कति सम्म बुद्ध शिक्षासंग मिल्छ, मिल्दैन छुट्टाउनु राम्रो होला । कसैले भन्यो भन्दैमा त्यसमा बिश्वास गर्नै पर्छ भन्ने छैन । त्यसैले यस विषयमा अन्यौल र दोधारमा नपरौं ।

अबेर पनि भैसक्यो, लौ त आजलाई यति नै गरौं ।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल । फोन : ४३४८५०, ४३४७५३
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २४९०३२, २४९४५०, फ्याक्स : (९७७-१) २५८६७८

Downloaded from http://www.dhamma.digital